# बाँसगढी नगरपालिका नगर सभामा २०७७ असार ८ गते नगर प्रमुख श्री सालिकराम अधिकारीले प्रस्तुत गर्नु भएको आर्थिक वर्ष २०७७/०७८ को नीति तथा कार्यक्रम

**बाँसगढी नगरपालिका**

**नगर कार्यपालिकाको कार्यालय**

**बाँसगढी, बर्दिया ।**

सभाका सदस्यज्यूहरु,

१ सम्पूर्ण विश्वमा नै माहामारीको रुपमा फैलिएको कोभिड-१९ (कोरोना भाइरस) का कारण उत्पन्न चुनौतिपूर्ण र असहज परिस्थिति बीच आज यस सम्मानित नगर सभामा बाँसगढी नगरपालिकाको आर्थिक वर्ष २०७७/०७८ को वार्षिक नीति तथा कार्यक्रम प्रस्तुत गर्दैछु ।

२ नेपाली जनताको लोकतन्त्र, गणतन्त्र, समानता, सामाजिक विकासको चाहना अनुरुप पटक पटक भएका विभिन्न आन्दोलनका कारण लोकतान्त्रिक मूल्य एवं मान्यतालाई आत्मसाथ गर्दै राज्य प्रणालीको क्रमशः रुपान्तरण हुँदै आएको छ । राज्य प्रणालीको रुपान्तरणसँगै एकात्मक, केन्द्रिकृत ढाँचाको राज्यको स्वरुपमा आमूल परिर्वतन गरी संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्था स्थापना गर्नका लागि भएका विभिन्न आन्दोलहरुमा आफ्नो अमूल्य जीवन उत्सर्ग गर्नुहुने सम्पूर्ण ज्ञात-अज्ञात सहिदहरुप्रति श्रद्धासुमन अर्पण गर्नुका साथै बेपत्ता तथा घाइतेहरुको श्रिघ स्वास्थ्य लाभको कामना गर्दछु । यस क्रममा अगुवाई गर्नुहुने सम्पूर्ण अग्रजहरुको योगदानको उच्च सम्मान गर्न चाहन्छु ।

३ कोभिड-१९ का कारण विश्वभर महासंकट उत्पन्न भएको छ । यस महामारीबाट विश्वका लाखौँ मानिसहरुको ज्यान गइसकेको छ, भने लाखौँका सङ्ख्यामा सङ्क्रमित भएका छन् । नेपाल पनि यस महामारीबाट अछुतो रहन सकेको छैन्, हजारौं सङ्क्रमित भईसकेका छन्, भने नेपाल बाहिर तथा मुलुक भित्र यसबाट ज्यान गुमाउनेको सङ्ख्या समेत बृद्धि भएको छ, यस महामारीका कारण जीवन गुमाउनुहुने सम्पूर्ण व्यक्तिहरुका शोकाकूल परिवारजनप्रति भावपूर्ण श्रद्धान्जली व्यक्त गर्दछु । उपचाररत सम्पूर्ण दाजुभाइ तथा दिदीबहिनीहरुको शीघ्र स्वास्थ्यलाभको कामना गर्दछु ।

४ कोभिड-१९ ले गर्दा मुलुकको सम्पूर्ण प्रणालीलाई नै असर पुऱ्याएको छ । उत्पादन तथा वितरण प्रणाली, विकास निर्माणका कार्य, सार्वजनिक सेवा प्रवाह तथा नियमित रुपमा सञ्चालन हुने आयोजना तथा कार्यक्रमहरु सम्पादन गर्न सकिएको छैन् । यस नगरपालिकाबाट सञ्चालन गरिएका ठुला योजनाहरुका कार्य लगायत उत्पादनमूलक कार्यमा नकारात्मक प्रभाव परेको छ ।

५ कोभिड-१९ को रोकथाम तथा नियन्त्रणका लागि नेपाल सरकारले घोषणा गरेको बन्दाबन्दीका कारण मानिसहरुमा त्रास उत्पन्न हुनुका साथै आफ्ना दैनिक कामहरु समेत सम्पादन गर्न अहसज भएको अवस्था छ । यस असहज परिस्थितिलाई सामना गर्दै थप सङ्क्रमण फैलन नदिन र यस महामारीमाथि विजय प्राप्त गर्न अझ बढि सतर्कता अपनाई थप ऐक्यवद्धता, धैर्यता र आत्मविश्वासकासाथ एकढिक्का भएर लाग्न सबैमा आह्वान गर्दछु ।

६ यस महामारीबाट हुने क्षतिको पूर्ति त आगामी दिनमा हुनसक्छ, तर अमूल्य मानव जीवनको पुनःप्राप्ति र क्षतिपूर्ति हुनसक्दैन । त्यसैले यतिखेर मानव जीवनको रक्षा र संरक्षण हरेक क्षेत्रको कर्तव्य बनेको छ । सोही अनुरुप बाँसगढी नगरपालिका सम्पूर्ण नगरवासीहरुको जीवन रक्षाका लागि हरसम्भवन प्रयास गरेको छ ।

७ यस जोखिम परिस्थितिमा यसको रोकथाम तथा नियन्त्रणका लागि अग्रपङ्क्तिमा सेवा गर्ने जनप्रतिनिधि, स्वास्थ्यकर्मी, सुरक्षाकर्मीलगायत सम्पूर्ण कर्मचारीहरु तथा व्यवस्थापन कार्यमा संलग्न सबैलाई हार्दिक सम्मान गर्दछु । यसका साथै यस संकटको घडीमा प्रत्यक्ष तथा अप्रत्यक्ष रुपमा सहयोग, समन्वय तथा सहकार्यमा संलग्न राजनीतिक दल, निजी क्षेत्र, सहकारी, संघसंस्था, सञ्चार क्षेत्र तथा सम्पूर्ण व्यक्तिहरुप्रति हार्दिक धन्यवाद व्यक्त गर्दछु ।

८ कोभिड-१९ को रोकथाम, नियन्त्रण तथा विभिन्न राहत प्याकेज वितरणका लागि "**बाँसगढी नगरपालिकाको प्रकोप व्यवस्थापन कोष**"मा रकम उपलब्ध गराउनुहुने

तथा यस असहज परिस्थितिमा विपन्न परिवारकालागि विविध राहत प्याकेज उपलब्ध गराउनुहुने सबैलाई धन्यवाद दिन चाहन्छु, साथै यस किसिमको सहयोग तथा सहकार्यको निरन्तर अपेक्षा गरेको छु ।

९ नेपाल सरकारले ऐतिहासिक सन्धि, नक्सा तथा प्रमाणका आधारमा लिम्पियाधुरा, लिपुलेक र कालापानी समेतको क्षेत्रलाई समेटी नेपालको राजनीतिक र प्रशासनिक नक्सा अद्यावधिक गरी संविधान संशोधन मार्फत निशान छाप समेत परिमार्जन गरेकोमा बाँसगढी नगरपालिका नेपाल सरकारको यस ऐतिहासिक राष्ट्रवादी कमदप्रति उच्च सम्मान व्यक्त गर्दछ ।

१० नेपालको संघीय शासन प्रणाली नेपाली जनताको लामो त्याग, बलिदान र संघर्षको उपज हो । नेपालको संविधानले प्रत्याभूत गरेको नागरिकको हक, अधिकारको रक्षा, आर्थिक विकास र समृद्धि सहित संविधानको पूर्ण कार्यान्वयन गर्न तथा हाल महामारीको रुपमा देखा परेको कोभिड-१९ को रोकथाम तथा नियन्त्रणका लागि बाँसगढी नगरपालिका प्रतिबद्ध रहेको छ ।

११ प्राकृतिक सुन्दरता, बहुजातीय, बहुभाषिक, बहुसांस्कृतिक, पर्यटकीय विशेषतायुक्त यस नगरपालिका सामाजिक सद्भाव र सांस्कृतिक सहअस्तित्वमा आधारित एकताबद्ध, सभ्य र सुसंस्कृत समाज निर्माण तथा नागरिकको जीवन रक्षा गर्ने नीति अनुरुप समाजमा विद्यमान सबै प्रकारका विभेद तथा असमानतालाई हटाउन बाँसगढी नगरपालिका सदैव अग्रसर रहनेछ ।

१२ संघीय सरकार तथा प्रदेश सरकारबाट प्राप्त हुने राजश्व हस्तान्तरण तथा विभिन्न अनुदान रकमको बाँडफाँड मानव विकास सुचकाङ्क, जनघनत्व, आर्थिक तथा सामाजिक विकासका विविध परिसूचक, कार्यात्मक इकाई तथा बजेट कार्यान्वयनको अवस्थाको मार्गचित्रबाट हुनुपर्ने, संघीय सरकार र प्रदेश सरकारको विभिन्न

परियोजनाको जिम्मेवारी समेत स्थानीय सरकारको भएको हुँदा संघीय सरकार र प्रदेश सरकारले त्यसमा सहयोगी भूमिका निर्वाह गर्नेछ भन्ने विश्वास लिइएको छ ।

१३ विश्वव्यापी महामारीको रुपमा फैलिएको कोभिड-१९ को प्रत्यक्ष प्रभावबाट शिथिल आर्थिक गतिविधि र सुस्त बनेको विकासलाई गतिशिलता दिने, नेपाल सरकारले अवलम्बन गरेको नीति अनुरुप हुने गरी कोभिड-१९ को रोकथाम, नियन्त्रण र उपचारलाई प्रभावकारी बनाउने, स्वास्थ्य क्षेत्रको संस्थागत अभिबृद्धि गर्ने, शैक्षिक क्रियाकलापलाई प्रभावकारी बनाउने, खाद्यान्न लगायत आवश्यक वस्तुको आपूर्ति व्यवस्थालाई सहज बनाउने, मानवीय जीवन रक्षालाई प्राथमिकता दिने, रोजगारी गुमाएका तथा बेरोजगारलाई लक्षित गरी यस महामारीको चुनौतिलाई सामना गर्दै खाने, बाँच्ने र उत्पादन गर्ने किसिमले रोजगारीका अवसर सृजना गर्ने, कृषि क्षेत्रको उत्पादन र उत्पादकत्वमा बृद्धि गरी आम नगरवासीहरुको जीवनस्तर सुधार गर्ने तर्फ आर्थिक वर्ष २०७७/७८ को नीति तथा कार्यक्रम लक्षित गरिएको छ ।

१४ बाँसगढी नगरपालिकाको यो नीति तथा कार्यक्रम नेपालको संविधान, स्थानीय तहको अधिकार सूचि, नेपाल सरकारको आर्थिक नीति, नेपाल सरकारको आवधिक योजना तथा दिर्घकालिन नीतिहरु, सहश्राब्दी विकास लक्ष्य तथा दिगो विकास लक्ष्य, नेपाल सरकारले गरेका राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रविवद्धता, प्रदेश सरकारको नीति तथा कार्यक्रम, बाँसगढी नगरपालिकाको चालु आर्थिक वर्षको नीति तथा कार्यक्रम र योजनाहरुको कार्यान्वयन गर्ने तथा दिगो विकासका लक्ष्य अर्न्तगत स्थानीय तहका प्राथमिकताहरु कार्यान्वयन गर्ने दिशा तर्फ उन्मुख रहेको छ ।

१५ प्रस्तुत नीति तथा कार्यक्रमले बाँसगढी नगरपालिकाको सन्तुलित, समन्यायिक र समावेशी विकास गरी **“सुन्दर हरियाली र सफा शहर, समृद्ध र समुन्नत बाँसगढी नगर”** को दिर्घकालिन सोच प्राप्त गर्न आर्थिक-सामाजिक र सांस्कृतिक विकासका

मापदण्डका आधारमा विकासको पथ अघि बढाइएको समयमा कोभिड-१९ का कारण उत्पन्न संकट तथा चुनौतिको सामना गर्नुपर्नेछ ।

१६ बाँसगढी नगरपालिका नगरवासीको भावना तथा आवश्यकताका आधारमा जीवनस्तर सुधार गर्न तथा विकास र आर्थिक समृद्धिको अपेक्षा पुरा गर्न दृढ संकल्पका साथ अगाडी बढेको छ । कोभिड-१९ को संकटग्रस्त अवस्था, भौतिक संरचनाको अभाव, सिमित स्रोत साधन, संघ तथा प्रदेश सरकारको योजना वर्गिकरण समयमा नहुनु जस्ता विषम परिस्थितिका बाबजुद पनि यस वर्ष हासिल गरेको महत्वपूर्ण उपलब्धीहरु प्रस्तुत गर्न चाहन्छु ।

सभाका सदस्यज्यूहरु,

१७ बाँसगढी नगरपालिकाको दैनिक प्रशासनिक तथा विविध कामकारबाही सहज सञ्चालन, सुशासन कायम, नागरिकमैत्री शासन व्यवस्था कायम गर्नका लागि हालसम्म १४ वटा ऐन, २ वटा नियमावली, ३० वटा कार्यविधि, मापदण्ड, आचारसंहिता र निर्देशिका जारी भइसकेको छन् । स्थानीय तहका लागि आवश्यक पर्ने अन्य कानूनहरुको निर्माण प्रक्रिया सञ्चालनमा रहेको छ ।

१८ चालु आर्थिक वर्षमा ८.९ किलोमिटर सडक कालोपत्रे भइसकेको छ, भने बाँसगढी-बठुवा सडक, गौरीपारा-बढैयाताल सिमाना सडक, सतहरिया-दमौली सडक, हाउपुर सडक, बाँसगढी नगर चक्रपथ लगायत ठुला सडकहरुको कालोपत्रेका लागि वहुवर्षिय खरिद सम्झौता भएका छन् जसमा १४.३५ कि.मी. सडक निर्माण हुनेछ । यस वर्ष २६.९ कि.मी. सडक ग्राबेल गर्ने लक्ष्य भएकोमा हालसम्म ९.९४ कि.मि. सडक ग्राबेलका योजना फरफारक भै सकेका छन्, बाँकी निर्माण कार्य चालु आर्थिक वर्षमा नै सम्पन्न हुने भएको छ । चालु आर्थिक वर्षमा २४ वटा कल्भर्ट निर्माण गर्ने लक्ष्य रहेकोमा हालसम्म ४ कल्भर्ट सम्पन्न भईसकेका छन्, भने ४ वटा कल्भर्टको

वहुवर्षिय खरिद सम्झौता भएको छ । साथै खोटे खोलामा झोलुङ्गे पुल निर्माण कार्य चालु अवस्थामा रहेको छ ।

१९ बाँसगढी नगपालिका विभिन्न स्थानहरुमा हुने बाढी डुवानका लागि रेहु खोला तटबन्धन, मुर्गिया नाला तटबन्धन, झनैया खोला तटबन्धन, ग्याङ्ग नदी तटबन्धन कार्य सञ्चालनमा रहेका छन् । चालु आर्थिक वर्षको नीति अनुरुप ताल संरक्षण, पिकनिक स्पोर्ट निर्माणमा निरन्तरताकासाथ कार्य सञ्चालन भएको छ साथै बालउद्यान निर्माण कार्यको सुरुवात गरिएको छ ।

२० कार्यालयको नगर भवन, आधारभूत स्वास्थ्य केन्द्र, विद्यालय, सामुदायिक भवन आदि गरी कुल ५८ वटा भवन निर्माण योजना सञ्चालित रहेका छन्, जसमध्ये १९ वटा फरफारक भइसकेका छन् भने बाँकी निर्माण कार्य सञ्चालनमा रहेका छन् । मठ-मन्दिर, चर्च, मस्जिद आदि जस्ता धार्मिक स्थल निर्माण, मर्मत सम्भार तथा संरक्षणका लागि २४ वटा योजना सञ्चालित रहेका छन् ।

२१ नगरवासीहरुका लागि शुद्ध खानेपानी व्यवस्था गर्न तथा खानेपानीलाई शुद्धिकरण गर्नका लागि कार्य सञ्चालन गरिएको छ । खानेपानीको सहज पहुँचका लागि **“एक वडा-एक ओभरहेड ट्याङ्की”** निर्माण कार्य सञ्चालन भएको छ ।

२२ बाँसगढी नगरपालिकाको प्रत्यक्ष सहभागितामा पशु बिमा कार्यक्रम सञ्चालनलाई निरन्तरता दिइएको छ । हालसम्म यस नगरपालिकाका कृषकहरुको २४६३ वटा पशुको विमा गरिएको छ । पशुबिमा कार्यक्रमबाट पशुपालक कृषकहरुलाई पशु बिमा वापतको प्रिमियमको आर्थिक बोझ कम हुनुका साथै बिमा रकमको उपलब्धताका लागि सहजता भएको छ । चालु आर्थिक वर्षमा पशु प्रजननका लागि ५० प्रतिशत भन्दा माथिका बोयर जातका २७ वटा बोका र मुर्रा जातका ९ वटा राँगो पूर्ण अनुदानमा वितरण गरिएको छ ।

२३ पशुपालक कृषकहरुलाई घाँसको सहज पहुँचका लागि चालु आर्थिक वर्षमा २९०० के.जी.वर्षिम र १६०० के.जी. मकैचरी घाँसको बिउ वितरण गरिएको छ, यसबाट २५०० भन्दा बढि कृषकहरु लाभान्वित भएका छन् । ३० जना माछापालक कृषकका लागि १९४७५० गोटा माछाका भुरा वितरण गरिएको छ ।

२४ मासुमा आत्मनिर्भर तथा कृषक प्रोत्साहन गर्ने उद्देश्यले बाँसगढी नगरपालिकाका ३ वटा सहकारीमार्फत वार्षिक १०० के.जी. भन्दा माथि खसी विक्रि वापत प्रति के.जी. रु १० का दरले प्रोत्साहन अनुदान वितरण गरिएको छ ।

२५ खाद्यान्न बालीमा जनताको सहज पहुँच स्थापित गराउनका लागि चालु आर्थिक वर्षमा ९००० के.जी. धान तथा गहुँको बिउ ५० प्रतिशत अनुदानमा वितरण गरिएको छ । नगरपालिकाको ७५ प्रतिशत अनुदानमा ९ वटा नविनतम् प्रविधियुक्त स्थायी टनेल निर्माण गरिएको छ साथै कृषि यान्त्रिकरणका लागि अनुदान वितरण समेत गरिएको छ । कृषकहरुको बाली संरक्षणका लागि निःशुल्क कृषि बाली बिमा कार्यक्रमको सुरुवात गरिएको छ ।

२६ बाँसगढी नगरपालिकाका कृषकहरुको मागलाई ध्यानमा राखी सहकारीको माध्यमबाट उन्नत बिउ उत्पादन, जैविक मल उत्पादन तथा पशुपन्छी आहारा उत्पादनका लागि अनुदान प्रदान गरिनुका साथै सहकारीद्धारा बायोग्यास उर्जा प्रबर्द्धनको कार्यका लागि सम्भाव्यता अध्ययन भएको छ । पशुपालन व्यवसायलाई आधुनिक तथा पूर्ण व्यवसायिक बनाउनका लागि सम्बन्धित निकायमा पहल गरी कृषकको माग सम्बोधनमा ध्यान दिइएको छ ।

२७ नेपालको १०० वटा पर्यटकीय गन्तव्यको क्षेत्रभित्र रहेको श्री ॐ केदारेश्वर धामको पूर्वाधार निर्माणका लागि सहयोग प्रदान गर्नुका साथै नगर क्षेत्रभित्र रहेका पर्यटन पूर्वाधार निर्माणका लागि सम्भाव्यता अध्ययन गरिएको छ ।

२८ निःशुल्क तथा अनिवार्य आधारभूत शिक्षा प्रदायक यस नगरपालिका भित्र रहेका ५ वटा विद्यालयमा प्राविधिक शिक्षा सञ्चालनका लागि सहयोग प्रदान गरिएको छ । चालु आर्थिक वर्षमा संघीय तथा प्रदेश सरकार तथा साझेदार संस्थाहरुको सहयोग तथा बाँसगढी नगरपालिकाको सहयोगमा विद्यालयहरुमा आइ.सी.टि. अनुदान, विज्ञान प्रयोगशाला सञ्चालन, बगैंचा निर्माण, २ कोठे तथा ४ कोठे पक्की भवन निर्माण, शौचालय निर्माण, भौतिक पूर्वाधार मर्मत सुधारका लागि अनुदान गरी ३३ वटा विद्यालयहरुलाई अनुदान प्रदान गरिएको छ, साथै ५ वटा बालविकास केन्द्र सञ्चालन अनुदान प्रदान गरिएको छ ।

२९ चालु शैक्षिक सत्रबाट जनता मा.वि. बठुवामा माध्यामिक तह (११-१२ कक्षा) मा विज्ञान संकाय सञ्चालनका लागि आवश्यक व्यवस्थापन गरिएको छ । सो संकायमा अध्ययन गर्ने गरिब तथा जेहेन्दार विद्यार्थीहरुलाई निःशुल्क अध्यापन गराउने व्यवस्था गरिएको छ ।

३० बाँसगढी नगरपालिकाद्धारा नै सिक्कल सेल एनिमिया परिक्षणका लागि मेसिन खरिद, परीक्षण र रोग निदानका लागि आवश्यक सामाग्री तथा जनशक्तिको व्यवस्था गरिएको छ । VIA Test, Folic Acid वितरण कार्यको सुरुवात गरिएको छ । खोप केन्द्रलाई जनताको सहज पहुँचका लागि उत्तरभकारी, राँझा, दमौली, चौधरीपुर लगायत विभिन्न स्थानमा खोप केन्द्र निर्माण गरिएको छ ।

३१ चालु आर्थिक वर्षमा प्रत्येक वडा कार्यालयबाट पूर्ण रुपमा अनलाइन मार्फत राजश्व संकलन, घटनादर्ता तथा सामाजिक सुरक्षा कार्य सञ्चालन भएको घोषणा भई Paperless Governance को सूरुवात गर्न खोजिएको छ ।

३२ विश्वव्यापी महामारीको रुपमा फैलिएको कोभिड-१९ को प्रभावसँगै बन्दाबन्दी सुरु हुनु अगावै विभिन्न मुलुकबाट आएका ४२ जना, नेपालका विभिन्न स्थानहरुबाट ९७२ जना तथा भारत लगायत तेस्रो मुलुकबाट १३८६ जना व्यक्तिहरु यस नगरपालिकामा

भित्रिएका छन् । बाँसगढी नगरपालिका भित्रिएका व्यक्तिहरुको जीवनरक्षा तथा स्वास्थ्य सुरक्षाका लागि विभिन्न २० वटा सामुदायिक विद्यालयहरु प्रयोग गरी क्वारेन्टाइनको व्यवस्थापन गरिएको छ । क्वारेन्टाइनमा रहेका व्यक्तिहरुको बसाई तथा खानाको व्यवस्थापन, स्वास्थ्य परीक्षण र परीक्षण पश्चात सृजित परिणामका आधारमा उनिहरुको व्यवस्थापन गरिएको छ । कोभिड-१९ को परीक्षणबाट Positive Report देखिएका व्यक्तिहरुका लागि उपलब्ध स्रोतको आधारमा नगरपालिकाको पहलमा २ वटा आइसोलेसन सेन्टरहरु स्थापना गरी उपचारात्मक विधि अवलम्बन गरिएको छ ।

३३ सिमित स्रोत साधनबाट नगरवासीहरुको सम्पूर्ण आकांक्षालाई एकैपटक सम्बोधन गर्न नसकिएको अवस्थामा कोभिड-१९ को चुनौतिको सामना गर्नुपरेको छ । यस महामारीको सामना कहिलेसम्म गर्नुपर्ने हो भन्ने यकिन समेत नभएको अवस्थामा नीति तथा कार्यक्रमको स्वरुप परिवर्तन स्वभाविक रुपमा हुन सक्नेछ । यस बखत कोभिड-१९ को संकटलाई पराजित गर्न मानवजाति सफल हुनेछ, जनजीवन सामान्य अवस्थामा फर्किने छ, उत्पादन तथा आर्थिक क्षेत्र पुनरुत्थान हुँदै आफ्नो लयमा आउनेछ भन्ने विश्वासका आधारमा यस नीति तथा कार्यक्रम तर्जुमा गरिएको छ ।

सभाका सदस्यज्यूहरु,

३४ अब म बाँसगढी नगरपालिकाले हासिल गरेका महत्वपूर्ण उपलब्धि तथा कोभिड-१९ को रोकथाम र नियन्त्रणको जगमा तयार गरिएको आर्थिक वर्ष २०७७/०७८ को नीति तथा कार्यक्रम प्रस्तुत गर्न चाहन्छु ।

३५ कोभिड-१९ को संक्रमणलाई क्रमश रोकथाम तथा नियन्त्रण गर्न क्वारेन्टाइन व्यवस्थापन, परीक्षणलाई थप प्रभावकारी, आइसोलेसन तथा उपचारका लागि आवश्यक व्यवस्था गर्नुका साथै आवश्यकताका आधारमा थप रणनीति र कार्ययोजना तयार गरी विशेष कार्यक्रम सञ्चालन गरिनेछ । महामारीका कारण रोजगारी

गुमाएका तथा बेरोजगार एवं श्रमिक, साना किसान, गरिब, विपन्न वर्ग लक्षित गरी सीप विकास तालिम र रोजगारी तथा आय आर्जनका लागि कृषि तथा निर्माण क्षेत्रमा रोजगार अभिबृद्धि गर्ने कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

३६ कोभिड-१९ को महामारीका कारणले सिर्जित परिस्थितिमा सुधार आएसँगै आर्थिक क्रियाकलापमा तीब्रता ल्याउने गरी आगामी आर्थिक वर्षको बजेट विनियोजन गर्दा यस महामारी नियन्त्रण, कृषि, रोजगारी बृद्धि, शैक्षिक गुणस्तर सुधार, आय आर्जन र सार्वजनिक निर्माणमा विशेष जोड दिइनेछ । आयोजनाहरुको दोहोरोपना अन्त्य गर्न संघीय तथा प्रदेश सरकारसँग समन्वय र सहकार्य गरिनेछ । अत्यावश्क बाहेक नयाँ आयोजना नथप्ने र कार्यान्वयनमा रहेका तथा अधुरा आयोजनाहरुलाई सम्पन्न गर्ने गरी बजेट कार्यान्वन गर्ने नीति लिइनेछ ।

३७ मातृस्वास्थ्य र प्रजनन स्वास्थ्य, पोषणसम्बन्धी कार्यक्रम, सुरक्षित मातृत्व लगायतका आधारभूत स्वास्थ्य सेवाको सुनिश्चितताको लागि अत्यावश्यक औषधी, स्वास्थ्य उपकरण तथा सामाग्री आपूर्तिको व्यवस्था मिलाइनेछ । स्वास्थ्य सेवालाई सर्वसुलभ र गुणस्तरीय बनाउन आवश्यक दक्ष जनशक्ति तथा पूर्वाधारको व्यवस्थापन गरी कार्यक्रम सञ्चालन गरिनेछ । स्वास्थ्य सेवाका जनशक्तिको दक्षता बृद्धि गर्न आवश्यक कार्यक्रम सञ्चालन गरिनेछ । नेपाल सरकारको समन्वयमा सबै नगरवासीहरुलाई **स्वास्थ्य बिमा कार्यक्रम**मा संलग्न गराउन पहल गरिनेछ । स्वास्थ्य बिमा कार्यक्रमलाई प्रभावकारी कार्यान्वयनका लागि अनुगमन तथा मूल्याङ्कन प्रणालीको विकास गरिनेछ ।

३८ असहाय, महिला, बालबालिका, अपाङ्गता भएका व्यक्तिहरुको स्वास्थ्य स्थिति सबल राख्न, जीवनस्तर परिवर्तन गर्न तथा क्षमता अभिबृद्धि गर्न संरक्षणात्मक सेवामा जोड दिनुका साथै ८४ वर्ष माथिका ज्येष्ठ नागरिकहरुलाई घरमा नै स्वास्थ्य सेवा उपलब्ध गराइनेछ ।

३९ किशोरकिशोरीहरुलाई प्रजनन स्वास्थ्य तथा नागरिक शिक्षासम्बन्धी चेतना अभिवृद्धि गर्न विभिन्न समुदाय तथा विद्यालय तहहरुमा नै प्रजनन स्वास्थ्य सचेतना कार्यक्रम सञ्चालन गरी किशोरावस्थामा हुने परिवर्तनलाई सामाजिक सभ्यताका रुपमा विकास गर्न अभिप्रेरित गरिनेछ ।

४० संक्रामक तथा सरुवा रोगको नियन्त्रणात्मक उपायका लागि आवश्यक सचेतनामूलक कार्यक्रम सञ्चालन गरिनेछ । सो को उपचार व्यवस्थालाई व्यवस्थित तथा अत्याधुनिक प्रविधिबाट सञ्चालन तथा व्यवस्थापन गर्नका लागि नेपाल सरकार तथा प्रदेश सरकारसँग आवश्यक समन्वयका साथ अघि बढाइनेछ । नसर्ने रोगको रोकथाम, नियन्त्रण र व्यवस्थापनका लागि संघीय तथा प्रदेश सरकारको साझेदारीमा एकिकृत जनस्वास्थ्य प्रर्बद्धन कार्यक्रम सञ्चालनमा जोड दिइनेछ ।

४१ गर्भवती महिला, बालबालिका, किशोरी र अपाङ्गता भएका भएका व्यक्तिको पोषण स्थितिको सुधार गर्न पोषण कार्यक्रमलाई थप प्रभावकारी बनाइनेछ । यसका लागि गैर सरकारी संस्था, निजी क्षेत्र र अन्य सहयोगी निकायको सहयोगसमेतका आधार आवश्यक रणनीति अपनाइनेछ ।

४२ स्वास्थ्य क्षेत्रमा निजी तथा गैरसरकारी क्षेत्रको संलग्नता बृद्धि गरी ती क्षेत्रहरुबाट हुने लगानीलाई व्यवस्थित गराइनेछ । प्याथोलोजी र रेडियोलोजी सेवा स्थानीय तहबाट नै उपलब्ध गराउनका लागि आवश्यक पहल गरिनेछ ।

४३ नगर क्षेत्रभित्र बसोबास गर्ने विभिन्न उमेर समूहका व्यक्तिहरुलाई लागुपदार्थ दुर्व्यसनी हुनबाट रोक्न समुदाय तथा विद्यालयस्तरमा विभिन्न जनचेतनामूलक कार्यक्रम सञ्चालन गरिनेछ । साथै दुर्व्यसनीहरुको उपचार, योग ध्यान लगायत पूर्नःस्थापनाका कार्यहरु सञ्चालन गर्न गैर सरकारी संस्था, निजी क्षेत्र, सुरक्षा निकायसँगको समन्वय र सहयोगमा अघि बढाइनेछ ।

४४ **"एक वडा-एक आधारभूत स्वास्थ्य केन्द्र"** को नीति अनुरुप निर्माण हुन बाँकी रहेका आधारभूत स्वास्थ्य केन्द्रलाई निर्माण गरी बाँसगढी नगरपालिकाका ११ वटा स्थानबाट स्वास्थ्य सेवा प्रदान गरिनेछ । नगरस्तरीय १५ शय्याको अस्पताल निर्माणलाई प्राथमिकता दिइनेछ । वडा नं. १ बबई चेपाङमा आवासीय अत्याधुनिक बर्थिङ्ग सेन्टरको निर्माण भएको छ ।

४५ कोभिड-१९ को रोकथाम तथा नियन्त्रणको अग्रपङ्क्तिमा खटिने स्वास्थ्यकर्मीहरुको मनोबल उच्च राख्न विशेष सुविधासहित प्रोत्साहन गरिनेछ । स्वास्थ्य क्षेत्रमा कार्यरत सम्पूर्ण कर्मचारीहरु तथा महिला स्वास्थ्य स्वयं सेविकाहरुलाई कार्यसम्पादनमा आधारित प्रोत्साहन गरिनेछ ।

४६ नगरपालिकामा बसोबास गर्ने थारु जातिमा देखिएको सिक्कल सेल एनिमिया रोगलाई नियन्त्रण गर्न सरकारी तथा गैर सरकारी संस्थाहरुसँग समन्वय गरी कार्यक्रम सञ्चालनलाई निरन्तरता दिँदै सम्बन्धित निकायमार्फत रोग निदान तर्फ जोड दिइनेछ । सिक्कल सेल एनिमियाको बारेमा विद्यालयमा समेत सचेतनाका लागि पाठशाला सञ्चालन गरिनेछ ।

४७ सबैका लागि स्वच्छ खानेपानी उपलब्ध गराउने गरी खानेपानी तथा सरसफाईका कार्यक्रम सञ्चालन गरिनेछ । आर्सेनिक परिक्षण र न्यूनिकरण गर्ने कार्यलाई प्राथमिकता दिइनेछ ।

४८ स्वास्थ्य तथा पूर्ण सरसफाइका सूचकहरु कार्यान्वयन गर्दै स्वास्थ्य नमुना गाँउको अवधारणलाई कार्यान्वयन गर्न जोड दिने नीति लिइनेछ । यसका लागि विभिन्न गैर सरकारी निकाय तथा संस्थाहरुसँग समन्वय गरिनेछ ।

४९ घरमा प्रसुति गराउने दरलाई शुन्यमा झार्ने प्रयास गर्दै स्वास्थ्य संस्थाहरुमा प्रयोगशालाको विस्तार, जनशक्ति तथा उपकरणको व्यवस्था गरिनेछ । आवश्यकताका

आधारमा VIA Test समेतलाई ध्यान दिई स्वास्थ्य शिविर सञ्चालन गरी अत्यावश्यक स्वास्थ्य सेवा प्रदान गर्ने व्यवस्था मिलाउने नीति लिइनेछ ।

५० सुर्तिजन्य पदार्थ नियन्त्रण गर्न अनुगमन तथा नियमनलाई जोड दिइनेछ । बाँसगढी नगरपालिकालाई सुर्तिजन्य पदार्थ एवं प्लाष्टिकजन्य पदार्थ मुक्त गर्न वातावरणीय प्रदुषण कम हुने वस्तुहरुको उत्पादन तथा प्रयोग गर्न प्रेरित गरिनेछ । प्रयोग भएका वस्तुहरुको पुनःप्रयोगका लागि एकिकृत फोहोरमैला प्रशोधन केन्द्र स्थापनाका लागि प्रदेश तथा संघीय सरकारसँग सहकार्य गरिनेछ ।

सभाका सदस्यज्यूहरु,

५१ बाँसगढी नगपालिकाको शैक्षिक गुणस्तर बृद्धि गर्न तथा सबैलाई शिक्षाको पहुँचमा पुऱ्याउनका लागि दलित, छात्रा, लोपोन्मुख अति बिपन्न, असहाय, जेहेन्दार र अपाङ्गता भएका विद्यार्थीहरुका लागि आवश्यकताका आधारमा छात्रबृत्तिको व्यवस्था गरिनेछ । उच्च शिक्षा अध्ययनरत जेहेन्दार विद्यार्थीहरुका लागि नगर प्रमुख छात्रबृत्ति कार्यक्रमलाई निरन्तरता दिँदै विद्यार्थीहरुलाई प्रोत्साहन गरिनेछ । लक्षित समूहका बालबालिकाहरुको शिक्षामा पहुँच बढाउन प्रोत्साहनका कार्यक्रम सञ्चालन गरिनेछ । स्वस्थ समाज निर्माणमा विद्यार्थी तथा शिक्षकको समेत भूमिका हुने भएकोले नैतिक शिक्षालाई सोही अनुरुप प्रभावकारी बनाइनेछ ।

५२ गुणस्तरीय शिक्षाका लागि सामुदायिक विद्यालयका शिक्षकहरुलाई आवश्यक तालिम तथा क्षमता अभिबृद्धिका कार्यक्रम सञ्चालन गर्नुका साथै सूचना प्रविधिमैत्री शैक्षिक सामाग्रीहरुको वितरण तथा प्रयोगमा जोड दिइनेछ । सामुदायिक विद्यालयहरुलाई प्रविधिमैत्री बनाई व्यवस्थापन गर्न लागि आवश्यक इन्टरनेट, उपकरण तथा प्राविधिक सहयोग उपलब्ध गराइनेछ । विद्यालयहरुको सम्पूर्ण तथ्याङ्क डिजिटल माध्यमबाट व्यवस्थापन गर्न जोड दिइनेछ ।

५३ नगरपालिकाको शैक्षिक स्तरलाई विकास गर्न विद्यालय सुधार योजनाको आधारमा शैक्षिक संस्थाहरुको भौतिक, आर्थिक तथा शैक्षिक सुधार गर्न पहल गरिनेछ । विद्यालयको भौतिक पूर्वाधार सहित विज्ञान प्रयोगशाला, कम्प्युटर प्रयोगशाााला, खेलमैदान र खेलकुद सामाग्री तथा विद्यालय हाताको वातावरणको समयानुकूल विकास गरी हरित विद्यालय अभियानका लागि बगैंचा विकास कार्यक्रमलाई निरन्तरता दिँदै सिकाईका साथै प्रयोगात्मक अभ्यासको केन्द्रका रुपमा स्थापित गर्न सम्बन्धित पक्षहरुसँग समन्वय गरी आवश्यक कार्यक्रम सञ्चालन गरिनेछ ।

५४ विद्यालयमा मासिक हाजिरीका आधारमा कक्षागत प्रतिविद्यार्थी शैक्षिक सामाग्री प्रदान गर्नका लागि विद्यालय जनप्रतिनिधि कार्यक्रम सञ्चालन गरिनेछ । यसले गर्दा विद्यार्थी, शिक्षक र जनप्रतिनिधि बीचको सम्बन्ध कायम गर्नेछ । विभिन्न सूचकका आधारमा विद्यालयलाई प्रोत्साहन कार्यक्रम सञ्चालन गरिनेछ ।

५५ असहाय बालबालिका तथा लोपोन्मूख परिवारका अति विपन्न बालबालिकाहरुका लागि सामुदायिक विद्यालयमा आवासीय शिक्षा तथा असहाय बालबालिकालाई लक्षित गरी बालगृह सञ्चालनका लागि पहल गरिनेछ ।

५६ बाँसगढी नगरपालिकामा रहेका क्याम्पसहरु तथा प्राविधिक धार सञ्चालित विद्यालयहरुको भौतिक, शैक्षिक तथा वातावरणीय पूर्वाधारको विकास गर्न प्रदेश तथा संघीय सरकारसँग पहल गर्नुका साथै यस नगरपालिकाले त्यस्ता पूर्वाधार विकासका जोड दिनेछ ।

५७ सामुदायिक विद्यालय तथा समुदाय स्तरमा रहेका बाल विकास केन्द्रहरुको भौतिक तथा शैक्षिक सुधारका लागि आवश्यक कार्यक्रम सञ्चालन गरिनेछ । सामुदायिक विद्यालयका कर्मचारीहरु तथा बालविकास केन्द्रका सहयोगी कार्यकर्ताहरुको मनोबल उच्च राख्नका लागि थप प्रोत्साहनको व्यवस्था गरिनेछ । विद्यालय तहमा स्थानीय

भाषाको प्रयोग तथा इच्छाधिन पाठ्यपुस्तकको पाठ्यक्रम निर्धारणका लागि अध्ययन गरिनेछ ।

५८ विद्यालय शिक्षक तथा कर्मचारीहरुको क्षमता विकासका लागि तालिम तथा अन्य आवश्यक प्रशिक्षणको व्यवस्था मिलाइनेछ । विद्यालयमा पारदर्शिता कायम, आचारसंहिताको पालना र सुशासन कायम गर्नुका साथै सूचना प्रविधिमैत्री बनाउन जोड दिइनेछ ।

५९ विद्यार्थी शिक्षक अनुपातको आधारमा न्यून विद्यार्थी संख्या भएका विद्यालयहरु नेपाल सरकारले तोकेको मापदण्ड बमोजिम एक आपसमा एकिकरण तथा समायोजन गर्न प्रोत्साहन गरिनेछ । आवासीय विद्यालय व्यवस्थापन तथा सञ्चालन गर्ने कार्यलाई सहयोग गरिनेछ । मदरसामा सञ्चालित शैक्षिक कार्यक्रमलाई मूल धारको शिक्षा प्रणालीमा आबद्ध गर्ने नीति लिइनेछ ।

६० निरक्षरहरुलाई साक्षर बनाउन र साक्षर रहेका व्यक्तिहरुलाई सीपमुलक तथा आयमुलक कार्यक्रम सञ्चालन गरी जीविकोपार्जन गर्ने तर्फ जोड दिइनेछ ।

६१ कृषि नीति तथा गुरुयोजना बमोजिम कृषि क्षेत्रको आधुनिकीकरण, यान्त्रिकीकरण, व्यवसायीकरण तथा सिचाई सुविधाको व्यवस्थापन गरी उत्पादन र उत्पादकत्वमा बृद्धि गर्दै बाँसगढी नगरपालिकाका कृषकहरुको जीवनस्तरमा परिवर्तन ल्याउने कार्यक्रम सञ्चालन गरिनेछ । कृषि पकेट क्षेत्रहरुको पहिचान, मूल्य अभिबृद्धियुक्त उत्पादन, व्यवसायिक खेती, नगदे खेती एवं उच्च संभावनायुक्त फलफूलको खेतीमा जोड दिनुका साथै कृषि प्रणालीलाई व्यापार र उद्योगसँग आबद्ध गर्ने, जैविक मल, बिउ तथा औषधीको सहज उपलब्धतालाई प्रभावकारी बनाइनेछ ।

६२ कोभिड-१९ का कारण रोजगार गुमेका तथा बरोजगार युवा जनशक्तिलाई कृषिमा आर्कषित गर्न व्यवसायिक रुपमा पशुपन्छीपालन, मौरीपालन, मत्स्यपालन, जडीबुटी खेती, मसलाजन्य र नगदेबाली खेती गर्नेलाई प्रोत्साहित गर्नुका साथै कृषि बाली

बिमा तथा बाली संरक्षणको नीति लिईनेछ । कृषकहरुको क्षमता विकासका साथै लागत सहभागितामा आधारित अनुदान कार्यक्रमलाई विश्वसनीय र प्रभावकारी रुपमा जोड दिँदै उत्पादनमूखी कृषकलाई प्रोत्साहन गर्ने व्यवस्था मिलाइनेछ ।

६३ कृषक, कृषि उद्यमी, कृषक समुह, कृषि सहकारीलाई आम्दानी र प्रतिफलमा आधारित कार्यक्रम सञ्चालन गर्न सामुहिक कृषि प्रणाली मार्फत उन्नत कृषि उत्पादन सामाग्रीहरुको आपूर्ति व्यवस्थालाई सहज बनाउन आवश्यक पहल गरिनेछ । उन्नत बिउ उत्पादन गर्ने तथा बिउ प्रशोधन र भण्डारको व्यवस्थापन, माटो परीक्षण प्रयोगशाला निर्माणका लागि सम्भाव्यता अध्ययन गरिनेछ । कृषि उपजको गुणस्तरीय उत्पादनदेखि उपभोक्तासम्म पुग्दाको मूल्य श्रंखलामा आउने अवरोधलाई कम गर्न कृषक समुह, उद्यमीहरु तथा सहकारीलाई वित्तीय तथा प्राविधिक सहयोग गरिनेछ ।

६४ कृषि तथा पशुपन्छीजन्य रोग, किरा र महामारी नियन्त्रण गर्न आवश्यक पूर्व तयारी गर्नुका साथै क्षतिपूर्तिको समेत व्यवस्था मिलाइनेछ ।

६५ कृषि क्षेत्रमा प्रयोग भइरहेको रसायनिक विषादीलाई न्यूनिकरण गर्न कृषक तथा सहकारीको माध्यमबाट जैविक विषादी तथा जैविक मल उत्पादनका लागि अनुदान प्रदान गरी आर्गनिक उत्पादनमा जोड दिइनेछ ।

६६ कृषि पेशालाई सम्मानजनक पेशाका रुपमा विकास गर्न र कृषकहरुलाई सामाजिक सम्मान प्रदान गर्ने व्यवस्थाका लागि उत्कृष्ट कृषकहरुलाई पुरस्कृत तथा कृषि सहयोग कार्यक्रम सञ्चालन गरिनेछ ।

६७ कृषि क्षेत्रमा काम गर्ने एग्रोभेट, कृषि फार्म आदिलाई सूचिकृत गर्नुका साथै अनुगमन तथा नियमन गरी गुणस्तरीय सेवाको व्यवस्थाका लागि पहल गरिनेछ ।

६८ बाँसगढी नरपालिकाकाको आर्थिक सहयोगमा सञ्चालन गरिएको पशु बिमा तथा निःशुल्क बाली बिमा कार्यलाई निरन्तरता दिँदै अझ प्रभावकारी रुपमा सञ्चालन गर्न आवश्यक व्यवस्था गरिनेछ ।

६९ साना डेरी उद्योग प्रबर्द्धन गर्न योगदानमा आधारित दुग्ध प्रशोधन तथा विविधिकरण सामाग्रीमा सहयोग गरिनेछ । बाँसगढी नगरपालिकालाई दुग्ध पदार्थमा आत्मनिर्भर बनाउनका लागि आवश्यक कार्य सञ्चालनका लागि पहल तथा सहयोग गरिनेछ ।

७० घरपालुवा पशुपन्छीका लागि संक्रामक रोग बिरुद्ध खोप कार्यक्रम सञ्चालन गरी क्रमशः पूर्ण पशुपन्छी खोपयुक्त नगरपालिका घोषणा गर्ने नीति लिइनेछ । संक्रामक रोगको नियन्त्रणका लागि एकिकृत पशु जनस्वास्थ्य संरक्षण कार्यक्रम सञ्चालनमा जोड दिइनेछ । पशु कृतिम गर्भाधान तथा नश्ल सुधार कार्य निरन्तरता दिइनेछ ।

७१ सार्वजनिक, निजी, सहकारी साझेदारीमा पशुपन्छी बजार प्रवर्द्धन र पूर्वाधार विकासका कार्यक्रम सञ्चालन गरीनेछ, साथै पशु पालन नमुना गाँउ पहिचान तथा प्रबर्द्धन गर्ने निति लिईनेछ । प्रदेश सरकारको **"एक स्थानीय तह, एक उत्पादन"** नीति बमोजिम विभिन्न क्लस्टरमा आवश्यकता तथा मागमा आधारित विशेष कार्यक्रम सञ्चालन गर्न जोड दिइनेछ ।

७२ छाडा चौपाया व्यवस्थापन, पशुपन्छीका मलमुत्र व्यवस्थापन गरी कम्पोस्ट मल उत्पादन तथा बायोग्यास उत्पादन कार्य सञ्चालनका लागि आवश्यक पहल तथा सहयोग गरिनेछ । वातावरण तथा जलवायु अनुकूलन कार्यक्रम सञ्चालन, कृषि तथा पशुपन्छी व्यवसाय प्रबर्द्धन तथा गोबर मलको प्रयोग गर्न प्रश्रय दिईने छ । घाँसमा आधारित पशुपालन गर्न पशुपालक कृषकहरु समयमानै घाँसको बिउ वितरण तथा सिँचाई सुविधा उपलब्ध गराइनेछ ।

७३ बाली, पशुपन्छी तथा मत्स्य पकेटक्षेत्र बिस्तारका लागि **"एक वडा, एक नमुना व्यवसायिक कृषि कार्यक्रम"** सञ्चालनको नीति लिइनेछ ।

७४ पशुजन्य पदार्थहरुको उत्पादन, प्रशोधन र बजारीकरणको लागि उपयुक्त नीति लिईने छ । कृषिजन्य वस्तुको गुणस्तर नियमन गर्न आवश्यक कानूनी तथा अन्य व्यवस्थालाई प्रभावकारी रुपमा लागु गरिनेछ ।

सभाका सदस्यज्यूहरु,

७५ राष्ट्रिय अर्थतन्त्रको संवाहकका रुपमा रहेको सहकारी क्षेत्रलाई सीप र आय आर्जनमा आधारित बनाउन तथा उत्पादनशील क्षेत्रहरुमा लगानी गर्नका लागि क्रियाशील गराउनुका साथै प्रतिफलका आधारमा उत्पादनमूखी कार्यक्रम सञ्चालनका लागि लागत सहभागितामा आधारित अनुदान कार्यलाई निरन्तरता दिइनेछ । कोभिड-१९ बाट प्रभावित भएका व्यक्तिहरुलाई साझेदारी सहकारी कार्यक्रमबाट रोजगारी सृजना गरी सदस्यहरुको जीवनस्तर सुधारको नीति लिइनेछ । कार्यसम्पादन तथा क्रियाशीलताका आधारमा सहकारी प्रोत्साहनमा जोड दिइनेछ ।

७६ सहकारी क्षेत्रको पारदर्शिता, जवाफदेहिता प्रबर्द्धन गर्न तथा सहकारीको माध्यमबाट गरीबी निवारणमा टेवा पुऱ्याउन सहकारी तथा गरिबी निवारण सम्बन्धी व्यवस्थापन सूचना प्रणालीलाई सहकारी कानून बमोजिम कार्यान्वयन गर्न जोड दिइनेछ ।

७७ सहकारी संस्थाहरुको नियमित तथा आवश्यकता अनुसार सघन अनुगमन समेत गरी सहकारी संस्थाका लागि जारी भएको सम्पत्ति शुद्धिकरणको व्यवस्थालाई कडाईका साथ लागु गर्दै बाँसगढी नगरपालिकालाई नमुना सहकारी क्षेत्रका रुपमा विकास गर्न सहकारीकर्मी, सहकारी संस्था, सञ्जाल तथा सरोकारवालासँग समन्वयका साथ सहकारी नियमन, प्रबर्द्धन तथा प्रशिक्षणका कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

७८ सहकारी संस्थाहरु एकिकरणका लागि तोकिएको कानूनी व्यवस्था बमोजिम कार्यविधि बनाई एकिकरण कार्यलाई जोड दिइनेछ । सङ्ख्यात्मक रुपमा सहकारी संस्थाहरुलाई कम गरी गुणात्मकतामा जोड दिइेछ । सहकारी संस्थाहरुको मागमा आधारित कार्यक्रम सञ्चालनलाई समेत समेटी उत्पादन तथा उत्पादनकत्व बृद्धि गर्न तथा सम्पूर्ण सदस्यहरुको आर्थिक उन्नयनलाई जोड दिन लक्षित कार्यक्रमहरु सञ्चालन गरिनेछ । सहकारी मार्फत स्थानीय कृषिजन्य कच्चा पदार्थमा आधारित साना तथा

लघु उद्योग सञ्चालनमा जोड दिइनेछ । प्लाष्टिकमुक्त झोला निर्माणका लागि सहकारी संस्थालाई लागत सहभागितामा आधारित अनुदानको व्यवस्था गरिनेछ ।

७९ सहकारी संस्थाका प्रतिनिधि तथा कर्मचारीको क्षमता विकासमा जोड दिदै सहकारी क्षेत्रमा रहेका समस्या र चुनौतिहरुको सामना गर्न सक्ने संस्था निर्माण गरी सुशासन कायम तथा दिगो विकास लक्ष्य प्राप्तिका लागि सहकारीको भूमिकालाई कार्यान्वयनमा ल्याउने नीति लिइनेछ ।

८० बाँसगढी नगरपालिका भित्र कार्यक्षेत्र रहेका सम्पूर्ण सहकारी संस्थाहरुको भौतिक, वित्तीय, संगठनात्मक तथा संरचनात्मक प्रबन्ध सहितको चित्रण हुने गरी अर्धवार्षिक र वार्षिक रुपमा सहकारी पुस्तिका प्रकाशन गरिनेछ ।

८१ कोभिड-१९ को प्रकोप नियन्त्रणमा आउन सुरु भएसँगै उच्च संभावनायुक्त प्राकृतिक स्थानहरुको पर्यटन पूर्वाधारहरुको विकास, पर्यटन एवं व्यवसायिक क्षेत्रलाई सार्वजनिक, निजी क्षेत्रको सहकार्यात्मक सम्बन्धमा आबद्ध गर्दै आन्तरिक पर्यटनलाई प्रोत्साहन गरिनेछ । पर्यटकीय पूर्वाधारहरुको निर्माण कार्यलाई निरन्तरता दिइनेछ ।

८२ धार्मिक, ऐतिहासिक तथा पुरातात्विक स्थलहरुको खोज पहिचान, परम्परागत चाडपर्व, जात्रा, मेला, कला संस्कृतिको संरक्षण तथा प्रचार प्रसारका लागि आवश्यक कार्यक्रम सञ्चालन गरिनेछ ।

८३ आदिवासी, जनजाति, दलित, मधेशी, मुस्लिम समुदाय, पिछडावर्गको भाषा, संस्कृति तथा परम्परागत सीपको संरक्षण एवं संवर्द्धन गर्नका लागि पहल गरिनेछ । थारु भाषाको प्रयोग तथा विस्तारमा प्राथमिकता दिइनेछ ।

८४ बाँसगढी नगरपालिका क्षेत्रको सांस्कृतिक, ऐतिहासिक र परम्परागत आर्गनिक परिकारको प्रचार प्रसार तथा संरक्षण गर्नका लागि आवास सहितको हामेस्टे सञ्चालन गर्न प्रोत्साहित गर्ने नीति लिइनेछ ।

८५ सामाजिक न्याय, सामाजिक समानता, उपलब्ध स्रोत साधनको प्रभावकारी वितरण, विकासको न्यायोचित वितरण, सामाजिक सुरक्षा जस्ता विषयमा विशेष ध्यान दिई कार्यक्रमहरु निर्धारण र सञ्चालन गरिनेछ ।

८६ बाँसगढी नगरपालिका भित्रका सम्पूर्ण घरधुरीहरुको वस्तुगत तथ्यांक संकलन तथा घर नम्बर कायम गर्न, विकास निर्माण र सेवा प्रवाहलाई तथ्यपरक बनाउन नगरपालिकाका टोल बस्तीमा टोल विकास संस्था गठन प्रक्रियालाई निरन्तरता दिँदै सोही मार्फत योजना निर्माण र योजना कार्यान्वयन गर्ने नीतिको सुरुवात गरिनेछ ।

८७ भौतिक पूर्वाधारहरु निर्माण गर्दा स्थानीय स्रोत-साधन तथा जनशक्तिको उपयोग गरी मौलिकता झल्किने, रोजगारीको अवसर सृजना हुने तथा दिगो विकासमा आधारित पूर्वाधारहरु निर्माणमा जोड दिइनेछ । सडक ग्राभेल गर्दा मापदण्ड अनुसारको रोलर प्रयोग गरी गर्ने कार्य निरन्तरता दिइनेछ ।

८८ उपभोक्ता समिति मार्फत सञ्चालन गरिने योजनाहरुमध्ये सबैभन्दा पहिला कार्य सम्पन्न गरी फरफारक गर्ने वडालाई योजना पुरस्कारको व्यवस्था गरिनेछ । वहुवर्षिय र सप्लाईका योजनाहरु बाहेकका योजनाहरु बैशाख मसान्तसम्म मात्र सम्झौता गर्ने नीति लिइनेछ ।

८९ राष्ट्रिय राजमार्गसँग जोडिएका नगर स्तरीय सहरी सडकहरुको कालापत्रेलाई निरन्तरता दिनुका साथै सडक विस्तार सहितको उच्चस्तरीय स्तोन्नति गर्ने कार्यलाई प्राथमिकता दिइनेछ । नगरको एक अर्को वडा हुँदै छिमेकी गाँउपालिका तथा नगरपालिकालाई समेत जोड्ने सडक सञ्जाल बनाउने र बाह्रै महिना आवतजावत सहज हुने गरी सडक मर्मत सुधार गरिनेछ । प्राथमिकताको आधारमा अधुरा तथा क्रमागत आयोजनाहरुलाई पूर्णता दिइनेछ । निर्माणाधिन नगर चक्रपथलाई उच्च प्राथामिकता दिई निर्माण गरिनेछ ।

९० नगरपालिकाभित्र आवश्यक पर्ने झोलुङ्गे पुल आगामी २ वर्ष भित्र निर्माण गर्ने नीति लिइनेछ। यसका लागि संघीय तथा प्रदेश सरकारसँग समन्वय गरिनेछ।

९१ सडक पूर्वाधारमा नविनतम् प्रविधिको विकास र प्रयोगको अध्ययन गरी सडक सुरक्षामा प्रभावकारिता ल्याउने नीति लिइनेछ । सडक सुरक्षालाई सुनिश्चित गर्न सम्बन्धित निकायसँग समन्वय गरी राष्ट्रिय राजमार्गमा सि.सि. टिभिको प्रयोग गर्ने कार्यलाई निरन्तरता दिइनेछ । सडक सुरक्षा सम्बन्धी सचेतनामूलक कार्यक्रम सम्बन्धित निकायसँगको समन्वयमा सञ्चालन गरिनेछ।

९२ शहरी विकास तथा भवन निर्माण सम्बन्धी मापदण्डको प्रभावकारी कार्यान्वयन गरिनेछ । सार्वजनिक तथा निजी भवन निर्माण गर्दा भुकम्प प्रतिरोधात्मक तथा राष्ट्रिय भवन संहिताको कार्यान्वयन गर्नुका साथै सार्वजनिक भौतिक संरचनाहरु निर्माण गर्दा अपाङ्गमैत्री संरचना निर्माणमा जोड दिइनेछ।

९३ भेरी बबई डार्भसन आयोजनासँग समन्वय गरी बाँसगढी नगरपालिका वडा नं. १ को बबई तटीय क्षेत्र तटबन्धन, सिँचाई व्यवस्थापन, सडक निर्माण, विद्यालय तथा सार्वजनिक स्थलहरुको पूर्वाधार निर्माण तथा संरक्षणमा जोड दिइनेछ।

९४ संचारको टावर तथा क्षमता बृद्धि, नगर क्षेत्र भित्र ल्याण्ड लाइन टेलिफोन सेवा विस्तार र मोबाइल इन्टरनेट सेवाको लागि सबै स्थानमा फोर-जी विस्तार गर्न सम्बन्धित निकायसँग सहकार्य गरी सञ्चारको पहुँचको लागी आवश्यक पहल गरिनेछ ।

९५ नाप नक्सा हुन बाँकी रहेका जग्गाको डिजिटल सर्भे नापीको लागि सम्बन्धित निकायमा पहल गर्नुको साथै मालपोत कार्यालयबाट प्रदान गरिने सेवालाई नगरपालिकाबाट नै उपलब्ध गराउनका लागि आवश्यक पहल गरिनेछ । बबईको चेपाङ र नगर क्षेत्रभित्र रहेका अव्यवस्थित तथा सुकुम्वासी बस्तीलाई व्यवस्थित गर्ने

तथा नगरपालिका भित्र रहेको नमुना बजारलाई नगरपालिकाको स्वामित्वमा ल्याई व्यवस्थापन गर्ने कार्यमा पहल गरिनेछ ।

९६ नगरपालिका भित्र अव्यवस्थित बसोबास गरी बसेका घर धुरी, सरकारी प्रति ऐलानी जग्गाको लगत संकलन, रेखांकन तथा सिमांकन गरिनेछ । सार्वजनिक जग्गाहरुमा भएको अतिक्रमणलाई हटाउन प्रभावकारी क्रियाकलाप सञ्चालन गरिनेछ ।

९७ नगरसँग जोडिएका अन्य नगर वा गाँउलाई समेत ध्यानमा राखी नगर बसपार्क, नगर सभा गृह, शव दाह गृह, पशु बधशाला, बृद्ध विश्रामस्थल, योगशाला, फोहर प्रशोधन केन्द्र आदि जस्ता क्षेत्रहरुको पहिचान गरी प्राथमिकताको आधारमा योजना बनाई क्रमशः कार्यान्वयनमा जोड दिइनेछ ।

९८ अवैज्ञानिक भू-उपयोगलाई नियन्त्रण गर्न, वातावरणीय व्यवस्थापन, प्राकृतिक स्रोत साधनको संरक्षण एवं उपयोग गर्न समग्र नगर क्षेत्रको वातावरणीय सन्तुलन कायमका लागि अध्ययन गर्ने, बाढी, डुवान जस्ता प्राकृतिक प्रकोप नियन्त्रणका लागि आवश्यक पूर्व तयारी तथा पूर्वाधार निर्माण गर्नुका साथै जलवायु परिवर्तन अनुकूलनका कार्यक्रमहरु सञ्चालन गर्ने नीति लिईनेछ ।

९९ फोहोर व्यवस्थापनका लागि निजी तथा गैरसरकारी क्षेत्रसँगको सहकार्यमा जोड दिँदै, जैविक एवं अजैविक फोहोर छुट्याउने, प्लाष्टिकजन्य पदार्थको प्रयोगमा नियन्त्रण गर्ने, व्यवस्थित ल्याड फिल्ड साइटको निर्माण जस्ता क्रियाकलापमा जोड दिइनेछ ।

१०० नगर बजार क्षेत्रको ढल निकासको उचित व्यवस्थापनका लागि आवश्यक पूर्वाधार निर्माण गरिनेछ । साथै निकासलाई व्यवस्थित बनाउनका लागि पहल तथा सहकार्य गरिनेछ ।

१०१ कृषि, पर्यटन र व्यापारको प्रबर्द्धन गर्दै स्थानीय पूर्वाधार निर्माणलाई यी क्षेत्रहरुको विकासका लागि सहयोग पुग्ने गरी कार्यक्रम सञ्चालन गरिनेछ ।

सभाका सदस्यज्यूहरु,

१०२ **“एक वडा-एक खेलकुद मैदान निर्माण”** नीति अनुरुप निजी क्षेत्रको संलग्नता समेत बढाई खेलकुदको विकासका लागि भौतिक पूर्वाधार निर्माण, विकास र विस्तारमा जोड दिइनेछ ।

१०३ उद्यमशीलताको विकास गर्न उत्पादनमूखी, सीपमूलक तथा आयमूलक कार्यक्रम सञ्चालन गरी महिला, दलित, आदिवासी, जनजाति, मधेशी, मुस्लिम, लोपोन्मुख जाति तथा पछाडी परेका वर्ग र समुदायको क्षमता विकास गरी स्वरोजगारी सृजना गर्ने नीति लिइनेछ । मुक्त कमैया, मुक्त कम्लरीका परिवारहरुलाई सीपमूलक एवं् व्यवसायिक तालिम प्रदान गरी उत्पादनमूखी बनाउन जोड दिइनेछ ।

१०४ सामाजिक सुरक्षाको सम्पूर्ण अभिलेखलाई डिजिटल बनाउनुका साथै सामाजिक सुरक्षा भत्तालाई बैंकिङ्ग प्रणालीबाट वितरण गर्ने कार्यलाई प्रारम्भ गर्दै रकम वितरण गर्न बैंकहरुलाई शाखारहित बैंकिङ्ग प्रणाली अपनाउन अनुरोध गरिनेछ । ज्येष्ठ नागरिक परिचय पत्र तथा अपागंता परिचय पत्र वितरण MIS प्रणाली मार्फत सुरुवात गरिनेछ ।

१०५ अपाङ्गता भएका व्यक्तिहरुका लागि भौतिक संरचना तथा सञ्चार सेवालाई पहुँचयुक्त बनाउन आवश्यक चेतनामूलक र पैरवी कार्यक्रम सञ्चालन गरिनेछ, साथै अपाङ्गता भएका व्यक्तिलाई आवश्यक अनुदान सहित सीपमुलक तालिम दिइने नीति लिइनेछ ।

१०६ एकल महिलाहरुलाई आत्मनिर्भर गराउन, क्षमता अभिबृद्धि तथा व्यवसायिकता तर्फ उन्मुख गराउन **एकल महिला राहत कोष**को परिचालन गरी सीपमुलक तथा आय-आर्जनमूखी कार्यक्रम सञ्चालनमा जोड दिइनेछ ।

१०७ बाल अधिकारको सुनिश्चितता गर्न बालमैत्री स्थानीय शासनका सूचकका आधारमा कार्यक्रम तय गरी सञ्चालन गरिनेछ । बालक्लबहरु तथा बाल सञ्जालको क्षमता अभिवृद्धिका विभिन्न कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

१०८ बालश्रम न्यूनिकरण गर्न स्थानीयस्तरमा चेतना अभिवृद्धि र स्थानीय स्तरमा रहेका बालश्रम प्रयोगको अनुगमन तथा निरिक्षण गर्नुका साथै सरोकारवालाको सहयोग र समन्वयमा निकृष्ट प्रकारको बालश्रममुक्त नगरपालिका घोषणा गर्न जोड दिइनेछ ।

१०९ निर्णय प्रक्रिया, सहभागितामूलक योजना तर्जुमा र आयोजना तथा कार्यक्रमको कार्यान्वयनमा महिला, बालबालिका, आदिवासी जनजाति, दलित, मधेशी, मुस्लिम, अपाङ्गता भएका व्यक्तिहरु, अल्पसंख्यक, लोपोन्मुख, ज्येष्ठ नागरिक तथा विपन्न एवं पिछडा वर्गहरुको सहभागितामा जोड दिइनेछ ।

११० **लैङ्गिक हिंसा विरुद्धको शुन्य सहनशीलता नीति** अवलम्बन गरी लैंङ्गिक हिंसा विरुद्ध अभियान सञ्चालन गरिनेछ । मानव बेचविखन लैङ्गिक हिंसा, जातीय छुवाछुत लगायतका विभेद तथा सामाजिक जागरण अभियान तथा सचेतनामूलक कार्यक्रम सञ्चालन गरिनेछ ।

१११ लक्षित वर्गको कार्यक्रम सञ्चालन गर्दा उत्पादनमूखी, सीपमूलक तथा सचेतनात्मक कार्यका लागि जोड दिई सञ्चालन गरिनेछ ।

११२ जेष्ठ नागरिकहरुको अनुभव र सीपलाई आर्थिक-सामाजिक कार्यमा उपयोग गर्ने, जेष्ठ नागरिक लाई लक्षित गरी निजी क्षेत्र, गैर सरकारी संस्था समेतको सहयोगमा दिवा विश्रामस्थल तथा मिलन केन्द्रको निर्माण तथा व्यवस्थापनका साथै ज्येष्ठ नागरिकलाई सम्मान गर्ने नीति लिइनेछ ।

११३ नगर क्षेत्र भित्र सञ्चालनमा रहेका उद्योग, कल-कारखानाहरुलाई बढावा दिँदै थप उद्योग कल-कारखाना सञ्चालनमा ल्याउनका लागि उद्योगी तथा लगानीकर्तालाई प्रोत्साहन गर्ने नीति अवलम्बन गरिनेछ । नगर क्षेत्रभित्र रहेका सम्पूर्ण व्यवसायहरुलाई व्यवसाय दर्ताको परिधिमा ल्याई नियमित अनुगमन तथा सुपरिवेक्षण गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।

११४ उर्जा सुरक्षालाई ध्यान दिई बिद्युतको नियमित आपूर्तिका लागि पहल एवं वैकल्पिक उर्जा प्रबर्द्धनको सम्भाव्यता अध्ययन तथा जनसहभागितामा आधारित शहरी सौन्दर्य कायम गर्न सौर्य सडकबत्ती जडान गर्ने कार्यक्रममा जोड दिइनेछ ।

११५ सुधारीएको चुलो (बायोमास) र बायोग्यास सञ्चालन कार्यलाई पहुँचयोग्य बनाउनका लागि आवश्यक पूर्वाधार निर्माण  सम्बन्धित निकायसँगको साझेदारीमा गरिनेछ ।

११६ नगरपालिकाबाट हुने हरेक सेवासम्बन्धी कार्यमा नतिजामा आधारित कार्य सम्पादन प्रणाली अवलम्बन गरिनेछ । यसका लागि नगरपालिकाका सबै कर्मचारीहरुसँग कार्य सम्पादन सम्झौता गरी लागु गरिनेछ ।

११७ स्थानीय तह सञ्चालनका लागि आवश्यक विभिन्न नीति, आवधिक योजना तथा गुरुयोजना र कानूनहरुको तर्जुमा गरी नगरपालिकाको कार्यलाई व्यवस्थित बनाइनेछ ।

११८ सेवा प्रवाहलाई चुस्त, दुरुस्त बनाउन सेवाग्राहीको पहुँचलाई सरल एवं सहज बनाउन, सूचना प्रवाह, सूचना प्रविधिको प्रयोग, सेवाग्राहीमैत्री संरचना, कामप्रति प्रतिबद्ध कर्मचारीतन्त्रको विकासमा जोड दिइनेछ । सबै वडा कार्यालयहरुमा Digital Information Desk को व्यवस्था गरिनेछ ।

११९ सामाजिक सुरक्षा तथा घटना दर्ता प्रणाली सुदृढीकरण आयोजनाबाट सञ्चालित कार्यक्रमहरु तोकिएअनुसार सञ्चालनमा जोड दिइनेछ ।

१२० जनगुनासो व्यवस्थापन गर्न र जनतासमक्ष प्रत्यक्ष सरोकार राख्ने विषयहरुको जानकारी उपलब्ध गराउनका लागि निःशुल्क टोल फ्रि नम्बरको व्यवस्था मिलाइनेछ । नगरवासीहरुलाई सूचनामा प्रत्यक्ष सहभागी गराउनका लागि डिजिटल बोर्डको व्यवस्था गरिनेछ ।

१२१ आवश्यकता तथा दक्षताका आधारमा कर्मचारी व्यवस्थापन गरी कर्मचारीको सुविधा र सेवा प्रवाहको व्यवस्थापन तोकिएको विनियम, कार्यविधि, निर्देशिका बमोजिम

गरिनेछ । कर्मचारीहरुको क्षमता बृद्धि गर्न, मनोबल उच्च राख्न र कार्य सम्पादनलाई व्यवस्थित गर्नका लागि तालिम, प्रशिक्षण, कार्य सुरक्षाको साथै कार्य प्रोत्साहन तथा पुरुस्कारको व्यवस्था गरिनेछ ।

१२२ प्रविधिमैत्री कार्यसम्पादनमा जोड दिन आवश्यक प्राविधिक तालिम, प्रशिक्षण तथा उपकरणहरुको व्यवस्थापनमा जोड दिइनेछ । नगरपालिकाका विभिन्न स्थानहरुमा Free Wi-fi Zone बनाउनका लागि आवश्यक पहल गरिनेछ ।

१२३ निर्माण व्यवसायीहरुको कार्य सम्पादनसँग सम्बन्धित सबै पक्षको विश्लेषण गरी तोकिएको समय, लागत र गुणस्तरसहितको कार्यसम्पादनमा जोड दिइनेछ ।

१२४ न्यायिक अधिकारको सन्तुलित प्रयोगका साथै मेलमिलापको सिद्धान्तमा आधारित न्याय निरुपण गर्दै न्यायिक समिति तथा प्रत्येक वडामा रहेका सामाजिक मेलमिलाप सहजकर्ताहरुको क्षमता विकासमा जोड दिइनेछ ।

१२५ शासन प्रणालीमा सुशासन, निर्णय प्रक्रियामा तथ्य तथा सूचनाहरुको प्रयोग र तथ्यमा आधारित नीति निर्माण, सेवा प्रवाहको क्षमता अभिवृद्धि, विकास निर्माणमा गुणस्तरीय सुधार, सहभागिता र पारदर्शीता ल्याउनका लागि विभिन्न क्षेत्रसँग समन्वय सहकार्य गरी कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

१२६ नगरपालिकाको कार्यप्रणाली सुशासनको मूल्य र मान्यतामा आधारित हुनेछ । अनुगमन तथा मूल्याङ्कन संयन्त्र मार्फत सेवाप्रवाहलाई शिघ्र, सरल र सहज बनाइनेछ । विकास निर्माण कार्य तोकिएको मापदण्ड तथा गुणस्तर बमोजिम हुने कुरालाई सुनिश्चित गरिनेछ । तोकिएको गुणस्तर, परिणाम अनुसारको कार्य समयमै गर्न लगाइनेछ । मापदण्ड विपरित कार्य र भ्रष्टाचारलाई शुन्य सहनशीलताको नीति लागु गरिनेछ ।

१२७ सार्वजनिक खरिदलाई पारदर्शी, प्रतिस्पर्धी र मितव्ययी बनाई खरिद सुशासन कायम गरिनेछ । स्थानीय सार्वजनिक खरिद नियमावली जारी गरी आर्थिक चुस्तता कायम गरिनेछ ।

१२८ बाँसगढी नगरपालिकाबाट गरिने विविध कार्यक्रमहरुको खर्चलाई मितव्ययीता तथा एकरुपता कायम गर्न खर्च मापदण्डलाई आवश्यकता अनुसार परिमार्जन तथा संशोधन गरिनेछ, साथै खरिद गुरु योजना तयार गरी सोही आधारमा वार्षिक खरिद योजना निर्माण गरिनेछ ।

१२९ नगरको विपद् व्यवस्थापन योजना अनुसार राहत, उद्दार सामग्रीको व्यवस्थापन, विपद् नक्सांकन, प्रकोप व्यवस्थापन कोष परिचालन, आपतकालीन कार्य सञ्चालनका लागि आवश्यक पूर्व तयारी तथा पूर्वाधार व्यवस्थापन गरिनेछ ।

१३० एकिकृत बस्ती विकास कार्यक्रम मापदण्ड अनुरुप जोखिमयुक्त बस्तीहरुको स्थानान्तरण र विपद् प्रभावित क्षेत्रको जोखिम न्यूनिकरणका कार्यलाई नेपाल सरकार तथा प्रदेश सरकारसँगको सहकार्यमा सुरुवात गरिनेछ ।

१३१ भूकम्पिय जोखिम न्यूनिकरणसम्बन्धी जनचेतना, सार्वजनिक जानकारी र आवास व्यवस्थापन सम्बन्धी चेतनामूलक कार्यक्रम सञ्चालन गरिनेछ ।

१३२ मध्यवर्ती क्षेत्र तथा राष्ट्रिय निकुञ्जको सिमानामा बसोबास गरेका वासिन्दाहरुको बालीनाली लगायतका अन्य कृषि उत्पादनहरु संरक्षित क्षेत्रबाट आउने जनावरहरुबाट हुने नोक्सानीको रोकथामका लागि बर्दिया राष्ट्रिय निकुञ्जसँग समन्वय गरी क्षतिपूर्तिको व्यवस्था एवं् क्षति न्यूनिकरण गर्ने नीति लिइनेछ ।

१३३ ऐतिहासिक, सांस्कृतिक, जैविक ताल, पोखरीहरुको उचित संरक्षण सहित पर्यावरण र वातावरण सन्तुलन राख्न तथा वन सम्पदा संरक्षण प्रवर्द्धन र उपयोग गर्न उपयुक्त हुने वन नीति तर्जुमा गरी कार्यान्वयन गर्नुका साथै हरियाली नगर बनाउने नीति लिइनेछ ।

१३४ वन व्यवस्थापन गर्दा संरक्षण तथा आर्थिक उर्पाजनलाई सँगसँगै लैजाने नीति अवलम्बन गरिनेछ ।  नगर क्षेत्रभित्र रहेका वन, नदी, खोला-नाला, ताल, सिमसार क्षेत्रहरुको अतिक्रमण र प्रदुषण रोकथाम गर्न संरक्षणका कार्यक्रमहरु सञ्चालन गर्नुका साथै न्यून वन भएको क्षेत्रमा वृक्षारोपण कार्यलाई जोड दिइनेछ ।

१३५ वन तथा वन्यजन्तु संरक्षण, दिगो तथा वैज्ञानिक वन व्यवस्थापन तथा उपयोग र वातावरणीय सेवाको दिगो उपलब्धताको लागि समुदायमा आधारित वन व्यवस्थापनलाई सबल बनाउन आवश्यक कानूनी, नीतिगत तथा संरचनागत सुदृढिकरण गरिनेछ । वन पैदावारको उत्पादन र उत्पादकत्व बृद्धि गर्न **समृद्धिका लागि वन कार्यक्रम** सुरुवात गरिनेछ । आय आर्जन बढाउनका लागि बाँझो तथा अर्ध प्रयोग भएका जमिनमा कृषि वन कार्यक्रम लागु गरिनेछ । नगरभित्रका पोखरी ताल तथा नदीको पानीको गुणस्तर र जलीय जैविक विविधतासम्बन्धी अध्ययन गरी पानीको स्वच्छता कायम गर्ने कार्यक्रम सञ्चालन गरिनेछ ।

१३६ मानव-वन्यजन्तु द्वन्द्व व्यवस्थापनका कार्यक्रम सञ्चालन गरी वन्यजन्तुबाट हुने बालीनाली तथा मानवीय क्षतीलाई न्यूनिकरण गर्न जोड दिइनेछ ।

१३७ विकास योजना सञ्चालन गर्दा वातावरणमैत्री विकास प्रणालिलाई संस्थागत गर्दै जलवायु परिर्वतनको नकरात्मक असरलाई न्यून गर्न वन लगानी कार्यक्रममा समेत जोड दिई सो क्षेत्रमा कार्यरत सरकारी गैर सरकारी संस्थाहरु संग समेत समन्वय गरी कार्यक्रम सञ्चालन गर्न जोड दिइनेछ ।

१३८ नगर भित्र राष्ट्रिय स्तरको उद्यान निर्माणका लागि सम्भाव्यता अध्ययन गरी संघ तथा प्रदेश सरकार तथा सम्बन्धित निकायसँगको समन्वय गरिनेछ । **एक वडा एक बाल उद्यान** निर्माणको नीति अवलम्बन गरिनेछ । शहरी सुन्दरता प्रबर्द्धनका लागि बगैचा एवं पार्क निर्माण, शहरी बृक्षारोपणमा  जोड दिइनेछ ।

१३९ शहिद स्मारक पार्कलाई उच्च स्तरीय बनाउनका लागि आवश्यक पहल गर्नुका साथै पूर्वाधार निर्माणमा निरन्तरता दिइनेछ ।

१४० गुणस्तरीय विरुवा उत्पादन गर्न वन, बिउ, बगैँचाको संरक्षण र व्यवस्थापन गर्नुका साथै वहुवर्षिय वन नर्सरीबाट हुने विरुवाको उत्पादन कार्यको सुरुवात गरिनेछ ।

१४१ आन्तरिक आय बृद्धिका लागि नदीजन्य ढुगां, गिट्टी, बालुवा लगायतका स्रोतहरुको उत्खनन, उपयोग र व्यवस्थापनलाई ध्यान दिई उक्त कार्यलाई वातावरणमैत्री बनाउन अनुगमन तथा नियमन कार्यमा जोड दिइनेछ ।

सभाका सदस्यज्यूहरु,

१४२ चालु खर्चको न्यूनीकरण गर्दै पुँजीगत खर्चको बढोत्तरी गर्ने, खर्चको प्रभावकारिता र प्रतिफल बढाउने, राजस्वका श्रोतहरु बढाउने, राजस्वको प्रभावकारी परिचालन गर्ने निति लिइनेछ । विश्वव्यापी महामारीको रुपमा फैलिएको कोभिड-१९ ले गर्दा भएको आर्थिक संकटका कारण औचित्यताका आधारमा राजश्व तथा कर छुटको नीति अवम्बन गरिनेछ ।

१४३ नेपाल सरकारबाट प्राप्त हुने वित्तीय समानीकरण अनुदान, सशर्त अनुदान, समपूरक अनुदान, राजश्व बाँडफाड तथा आन्तरिक श्रोतहरुको मितव्ययीता, प्रभावकारीता, औचित्यता तथा प्राथमिकताका आधारमा पारदर्शी रुपमा परिचालन गरिनेछ ।

१४४ आन्तरिक आय बृद्धिको लागि व्यवसाय कर संकलनलाई निरन्तरता दिनुका साथै घर भाडा, सवारी साधनको लगत तयार गरी करको दायरामा ल्याई नेपाल सरकारका राजस्व संकलन गर्ने निकायहरुसँग सूचना प्रवाह र समन्वयात्मक रुपमा कार्य गरी आन्तरिक स्रोतको प्रबर्द्धन गरिनेछ ।

१४५ नगरपालिकाले आधार वर्षहरुमा प्राप्त उपलब्धीहरुलाई संस्थागत गर्दै आर्थिक-सामाजिक, सांस्कृतिक लगायत सबै क्षेत्रको विकास गरी सामाजिक न्याय र समन्यायिक आर्थिक विकासबाट राष्ट्रले लिएको **समृद्ध नेपाल, सुखी नेपाली**को राष्ट्रिय

आंकाक्षा पुरा गर्न बाँसगढी नगरपालिकाले लिएको यस नीति तथा कार्यक्रम सहयोगी हुनेछ भन्ने विश्वास लिएको छु ।

१४६ यो नीति तथा कार्यक्रमको सफल कार्यान्वयनबाट संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्था संस्थागत हुँदै नगरवासीको जीवनस्तर उकास्न तथा आर्थिक, सामाजिक सबलीकरण गर्न, उत्पादन र उत्पादकत्व बृद्धि गर्न, सन्तुलित भौतिक पूर्वाधार विकास गर्न, सामाजिक विभेद अन्त्य गरी न्याय कायम गर्न तथा गुणस्तरीय सेवा प्रवाह गर्न, कोभिड-१९ महामारीको रोकथाम तथा नियन्त्रण गर्न र यसबाट प्रभावित आर्थिक-सामाजिक क्षेत्रलाई सुदृढ गरी समृद्ध नगर निर्माणमा सहयोग पुग्नेछ भन्ने अपेक्षा लिएको छु । यस नीति तथा कार्यक्रम निर्माण कार्यमा सहयोग गर्ने सम्पूर्णमा आभार प्रकट गर्दछु ।

**धन्यवाद ।**